## गेरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः २ मितिः२०७७/०३/१०


भाग–१

## गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गेरुवा गाउँपालिकाको गाउँ सभाबाट मिति २०७७/०३/१० गते जारी गरेको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा(३) बमोजिम प्रकाशन गरिएको छ।

संवत् २०७७ सालको ऐन नं. २

# विनियोजन ऐन, २०७७

# विनियोजन ऐन २०७७

**प्रस्तावनाः**

गेरुवा गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केहि रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम गेरुवा गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१)यस ऐनको नाम गेरुवा गाउँपालिकाको विनियोजन ऐन, २०७७ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०७७/७८ को निमित्त सञ्चित कोषबाट रकमखर्च गर्ने अधिकारः**

१) आर्थिक वर्ष २०७७/७८ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लखित चालु खर्च, पूँजिगत खर्च वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५८,७८,२१,१४३/-(अक्षरेपी अन्ठाउन्न करोड, अठहत्तर लाख र एक्काइस हजार एक सय त्रिचालिस रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोष बाट खर्च गर्न सकिने छ।

**३. विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइको रकम आर्थिक वर्ष २०७७/७८ को निमित्त गेरुवा गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति, र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च चालू खर्च शीर्षकतर्फ सार्न सकिने छैन। तर चालु तथा पुँजीगत खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

४) यस ऐन बमोजिम विनियोजन गरिएको रकममध्ये शिक्षा, स्वास्थ्य, पशु सेवा र कृषिविकास, महिला तथा वालवालिका लगाएत क्षेत्रमा विनियोजीत रकमलाई विषयगत शाखा बाट विस्तृत कार्यक्रम तयार गरी खर्च गर्न सकिने छ ।

अनुसूची -१
(दफा २ सँग सम्बन्धित)

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**
**संञ्चितकोषबाट विनियोजन हुने रकम**

| क्र.सं | शीर्षकको नाम | चालु खर्च | पूँजीगतखर्च | जम्मा |
|---|---|---|---|---|
| १ | गाउँकार्यपालिका तथा विषयगत शाखा | ४०१६५८०९० | १८६१५२००० | ५८७८२११४३ |

आज्ञाले,
कासी प्रसाद पंगेनी
प्रमुख प्रशासकीय अधिकृत